ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
**British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal**

**माननीय आरेन राईज्यू .** **मिति: २०८३/०१/२५**
**सदस्य, प्रतिनिधि सभा श्रम संस्कृति पार्टी:**
संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौँ, नेपाल।

**विषय: संविधान संशोधनमार्फत ब्रिटिस गोर्खाहरूको "वंशजको नेपाली नागरिकता" निरन्तरताका लागि ऐतिहासिक पहल गर्न अनुरोध।**

**माननीय ज्यू,**

नेपालको सार्वभौमिकता, राष्ट्रिय अखण्डता र अन्तर्राष्ट्रिय प्रतिष्ठाको रक्षाका लागि **"वीर गोर्खा"** का रूपमा विश्वभर चिनिएका ब्रिटिस गोर्खाहरूको एउटा गम्भीर र न्यायोचित मुद्दामा यहाँको विशेष ध्यान आकृष्ट गराउन चाहन्छौँ।

**विगत दुई शताब्दीभन्दा बढी समयदेखि राष्ट्रिय नीति र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता (सन् १८१६ सुगौली सन्धि र १९४७ को त्रिपक्षीय सन्धि लगायतका) को जगमा उभिएर नेपाली नागरिककै रूपमा बेलायती सेनामा भर्ती भई नेपालको सार्वभौमिकता जोगाउदै, देशको इज्जत बढाउने गोर्खाहरु आज आफ्नै मातृभूमिमा "पहिचानको संकट" सँग जुधिरहेका छन् । राज्यको रणनीतिक आवश्यकता र दायित्व निर्वाह गर्ने क्रममा सिर्जना भएको विशेष परिस्थितिका कारण प्राप्त भएको विदेशी आवासीय अधिकार (अंगिकृत नागरिकता) लाई आधार मानी गोर्खाहरूको "वंशजको नेपाली नागरिकता" खारेज हुनु कुनै दृष्टिकोण बाट न्यायसंगत छैन । यस सन्दर्भमा, "ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति" (BGNCCC-UK/Nepal) निम्न बुँदाहरूमा यहाँको निर्णायक हस्तक्षेप र विधायीकी पहलको अपेक्षा गर्दछ।**

## •विशिष्ट परिस्थितिको पहिचान:

गोर्खाहरू रहरले वा व्यक्तिगत स्वार्थका लागि विदेश पलायन भएका आप्रवासी होइनन्। राज्यले नै सन्धिमार्फत वैदेशिक सैन्य सेवामा पठाएका हुनाले र आजपनि सोही सन्धि मार्फत बार्षिक सयौं युवाहरु ब्रिटिस सेनामा भर्ती भईरहेकाले उनीहरूलाई आम **"गैर-आवासीय नेपाली" (NRN)** को परिभाषाभित्र खुम्च्याउनु खोज्नु ऐतिहासिक गल्ती हुनेछ । सरकारले आफ्नो नागरिक सन्धि सम्झौता गरेर बैदेशिक सैन्य सेवामा पठाउने तर उनिहरुको नेपाली राष्ट्रियता (नागरिकता) सुनिश्चितताको ब्यबस्था नगर्ने हो भने, नागरिक बेच बिखन को प्रश्न पनि उठ्न सक्दछ।

## •संविधान संशोधनमा समावेश गरिनुपर्ने:

हाल देशमा संविधान संशोधनको बहस चलिरहेको सन्दर्भमा,नेपालको संविधानको भाग २ (नागरिकताको महल) मा छुट्टै धारा थप गरी तथा नागरिकता सम्बन्धी अन्य प्रावधानहरूमा परिमार्जन गरी **"एक पटकको नेपाली, सधैँको नेपाली"** भन्ने भावना अनुरूप ***"ब्रिटिस गोर्खा र गोर्खा सन्ततिहरूले बेलायती अंगीकृत नागरिकता प्राप्त गरे तापनि उनीहरूको वंशजको नेपाली नागरिकता यथास्थितिमा निरन्तर कायम रहनेछ साथै, ब्रिटिस गोर्खाका नेपाल बाहिर जन्मने भावी सन्ततिहरूले समेत***

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
**British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal**

***वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्ने कानुनी बाटो प्रशस्त गरिनेछ" ।*** भन्ने स्पष्ट संबैधानिक एवं कानुनी व्यवस्थाको सुनिश्चितता गरिनु पर्दछ।

### •प्राकृतिक न्याय र अधिकार:

कार्यप्रकृतिका कारण परिस्थितिबस ब्रिटिस अंगीकृत नागरिकता लिए पनि गोर्खाहरुको मन, मुटु र माटोप्रतिको निष्ठा सधैं नेपालसँगै छ। उनीहरुको पुर्ख्यौली सम्पत्ति र पहिचानको अधिकार खोसिनु "प्राकृतिक न्यायको सिद्धान्त" विपरीत छ।

### •सन्ततिको अधिकार:

विदेशमा जन्मिएका गोर्खा सन्ततिहरुलाई समेत नेपालको मूल प्रवाहमा जोड्न र उनीहरुको विज्ञतालाई देश विकासमा लगाउन "**वंशजको आधारमा"** नागरिकता प्राप्त गर्ने ढोका खुला राखिनु पर्दछ।

### माननीयज्यू,

तपाईं जननिर्वाचित प्रतिनिधि हुनुभएको नाताले, यो अन्यायपूर्ण अवस्थाको अन्त्य गर्न सदनमा बुलन्द आवाज उठाइदिनुहुन र आगामी कानुन निर्माण वा संविधान संशोधनको प्रक्रियामा गोर्खाहरुको पक्षमा निर्णायक भूमिका खेलिदिनुहुन हामी विनम्र अनुरोध गर्दछौं। गोर्खाहरुकै बलिदानबाट जोगिएको **सार्वभौमसत्ता सम्पन्न देश (Sovereign Country)** नेपालमा आफ्नै वीर सन्तानहरु **"अनागरिक"** बन्नुपर्ने छैन भन्नेमा हामी विश्वस्त छौं। धन्यवाद


| | | |
|---|---|---|
| **फुर्बा गर्ज शेर्पा** | **होम किरात सुनुवार** | **सन्तोष थलङ** |
| संयोजक - नेपाल | महा सचिव - यूके/नेपाल | प्रमुख संयोजक - यूके/नेपाल |
| BGNCCC-UK /Nepal | BGNCCC-UK /Nepal | BGNCCC-UK /Nepal |
| Mob: 9861748173 | Mob: 9811550496 | Mob: 044-7961830312 (Uk) |

phurba.sherpa3547@gmail.com hom6130@gmail.com sthalang@yahoo.co.uk



WWW.BGNCCC.COM I BGNCCC-UK/Nepal Registered Number: 13120428 Established: July 6th 2014
Tel: Co-Ordinator BGNCC-UK/Nepal: +44 (0) 7340 465925, General Secretary: +44 (0) 7737 285313 Email: hom6130@gmail.com

| | | | |
|---|---|---|---|
| Chief Co-Ordinator UK/Nepal: | Mr Santosh Thalang | Co-Ordinator UK/Nepal: | Mr Hari Bahadur Gurung |
| General Secretary UK/Nepal: | Mr Hom Kirat Sunuwar | Co-Ordinator - Nepal: | Mr Phurba Garja Sherpa |
| Vice Co-Ordinator/MediaSec: | Mr Gopal Giri | Vice Co-Ordinator: | Mr Popiraj Rai |
| Vice Co-Ordinator: | Mr Dhan Ghale | Treasurer: | Mr Man Bahadur Limbu |
| Secretary: | Mr Hindu Kumar Moktan | Joint Treasurer: | Mr Guna Raj Rai |
| Joint Media Secretary: | Mr Nayandra Rai | Public Relations: | Mr Dilip Mohora |